आज मिति २०८१ साल असोज १३ गते आईतबार नेपालको संविधानको धारा २१६ अनुसार गठित नमोबुद्ध नगरपालिकाका, नगर कार्यपालिकाको ३५ (पैंतिसौं) बैठक नगर प्रमुख श्रीमान् कुनसाङ लामाज्यूको अध्यक्षतामा देहायका उपस्थितमा बसी देहाय बमोजिमको निर्णय गरीयो।

<u>उपस्थिति</u>

१. नगर प्रमुख: श्रीमान् कुनसाङ लामा

२. नगर उपप्रमुख: श्री रत्न बहादुर लामा

३. प्रमुख प्रशासकीय अधिकृतः श्री शेष कान्त पौडेल

४. वडा अध्यक्ष वडा नं. १ : श्री प्रेम बहादुर तामाङ

५. वडा अध्यक्ष वडा नं. २ : श्री कवि राज श्रेष्ठ

६. वडा अध्यक्ष वडा नं. ३ : श्री रमेश तिवारी

७. वडा अध्यक्ष वडा नं. ४ : श्री अर्जुन बहादुर कार्की

८. वडा अध्यक्ष वडा नं. ५ : श्री सुरे तामाङ

९. वडा अध्यक्ष वडा नं. ६ : श्री टिका बहादुर के.सी.

१०. वडा अध्यक्ष वडा नं. ७ : श्री धर्म सिं लामा

११. वडा अध्यक्ष वडा नं. ८ : श्री शेर बहादुर तामाङ

१२. वडा अध्यक्ष वडा नं. ९ : श्री विर बहादुर लामा

१३. वडा अध्यक्ष वडा नं. १० : श्री रामकृष्ण उपाध्याय

१४. वडा अध्यक्ष वडा नं. ११ : श्री कृष्ण बहादुर तामाङ

१५. नगर कार्यपालिका सदस्य : श्री वेली निलम लामा

१६. नगर कार्यपालिका सदस्य : श्री शान्ति तामाङ

१७. नगर कार्यपालिका सदस्य : श्री असली माया मोक्तान

१८. नगर कार्यपालिका सदस्य : श्री गीता श्रेष्ठ

१९. नगर कार्यपालिका सदस्य : श्री बुद्ध कुमारी तामाङ

२०. नगर कार्यपालिका सदस्य : श्री शुसिला परियार

२१. नगर कार्यपालिका सदस्य : श्री सुरेश तोलाङ्गे (सार्की)

२२. नगर कार्यपालिका सदस्य : श्री गोपाल नेपाली

छलफलका लागि पेश भएका विषयहरु:

१. विभिन्न परिपत्र सम्बन्धमा।
२. अनुगमन समितिको प्रतिवेदन उपर छलफल गर्ने सम्बन्धमा।
३. हाल भएको प्राकृतिक विपदका सम्वन्धमा।
४. विद्युत आपूर्ति तथा खानेपानी व्यवस्थापन सम्बन्धमा।
५. विविध।

निर्णयार्थ पेश भएका विषयहरु:

१. कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको समीक्षा सम्बन्धमा।
२. संकटग्रस्त क्षेत्र घोषणा गर्ने सम्बन्धमा।
३. शोक प्रस्ताव सम्बन्धमा।
४. राहत उपलब्ध गराउने सम्बन्धमा।
५. अनुगमन सम्बन्धमा।
६. सहयोगको लागि अपिल गर्ने सम्बन्धमा।
७. तथ्यांक संकलन गर्ने सम्बन्धमा।
८. भुक्तानी सम्बन्धमा।
९. नमोबुद्ध नगरपालिकाको सुत्केरीसँग उप प्रमुख कार्यक्रम सँचालन सम्बन्धी कार्यविधि, २०८१ स्वीकृत गर्ने सम्बन्धमा।
१०. सुभकामना आदानप्रदान सम्बन्धमा।
११. विविध।

निर्णयहरु:

निर्णय नम्बर १:

नमोबुद्ध नगरपालिका नगर कार्यपालिकाको विभिन्न मितिमा भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा समीक्षा गरियो र कार्यान्वयन हुन बाँकी निर्णय कार्यान्वयन गर्दै अगाडी बढाउने निर्णय गरियो।

निर्णय नम्बर २:

मिति २०८१/०६/१० गते देखि मिति २०८१/०६/१३ गतेको अविरल तथा भिषण वर्षातका कारण यस नगरपालिकाको मुख्य राजमार्गको रुपमा रहेको वि.पि राजमार्ग लगायतका नगरपालिका भित्र अन्य सहायक बाटोहरुमा बाढी र पहिरो कारण पूर्ण रुपमा क्षत विक्षत भई यातायात ठप्प भएको, विद्युत आपूर्ति गर्ने पोल, ट्रान्सफर लगायतका संरचनामा क्षति भई विद्युत आपूर्ति पूर्ण रुपमा बन्द भएको, खानेपानीका सम्पूर्ण भौतिक संरचना लगायत वितरणका पाईप नष्ट भई खानेपानी सुविधा ०% भएको, विद्युतको लाईन

एवं संचारको सम्पर्क विच्छेद भएको, नगरपालिका भित्रका मुख्य खोलाहरु रोशी खोला, दाप्चा खोला लगायत आसपासका अन्य खोला तथा खहरेले क्षति असंख्य भई आवतजावत, आवास, कृषि, वाली नाली, पशुपंक्षी लगायतको क्षेत्रमा अतुलनीय क्षति भई कुन वडामा कति मानवीय, भौतिक एवं अन्य क्षतिको आंकलन गर्न नसकिएकोले सो मितिबाट ३ (तिन) महिना यस नगरपालिकालाई स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ बमोजिम विपदबाट समस्याग्रस्त क्षेत्र घोषणा गरी तपशिल बमोजिम गर्ने।

क. यस विषम प्राकृतिक प्रकोपको समयमा नगरपालिकासँग भएको श्रोत तथा साधनको सीमितताको कारणले संघीय सरकार, बागमती प्रदेश सरकार लगायतका निकायलाई उद्धार, राहत वितरण, सडक तथा पुलको पुनर्निर्माण, विद्युत आपूर्ति, संचार सेवा सुचारु लगायतका भौतिक संरचना निर्माणका लागि अनुरोध गर्ने साथै परिस्थितिको मध्यनजर गरी संकटग्रस्त क्षेत्र घोषणाका लागि समेत सम्बन्धित निकायमा अनुरोध गर्ने।

ख. नमोबुद्ध नगरपालिका भित्रको मुख्य राजमार्ग वि.पि. राजमार्ग र सो आसपासका अन्य सहायक राजमार्ग तथा वडा कार्यालय र नगरपालिकाको केन्द्रसम्म जोड्ने सडकहरुको यथासिघ्र सरसफाई गरी एकतर्फी खोली अतिआवश्यक सवारीसाधन, औषधि, खाधान्नको अभाव हुन नदिन दुवै तर्फबाट एक्साभेटर, व्याकुलोडर, जे.सी.बि. जस्ता साधन भाडामा लिई काम सुरु गर्ने र सोको लागि आवश्यक पर्ने इन्धन, भाडा लगायत आवश्यक खर्च नगरपालिकाले नियमानुसार गर्ने एवं नगरपालिका देखि सबै वडा कार्यालयसम्मका सडक, वडास्तरीय सडक सरसफाई, मर्मत लगायतका निर्माण कार्य वडा कार्यालयले तुरुन्त सुरु गर्ने।

ग. प्राकृतिक प्रकोपको समयमा आवतजावत तथा हिडडुल गर्न समेत असहज भएकोले संस्थागत तथा सामुदायिक विद्यालयहरु मिति २०८१/०६/१६ गतेसम्म सार्वजनिक विदाका दिन कट्टा हुने गरी शैक्षिक संस्थामा विदा गर्ने।

**निर्णय नम्बर ३:**

विगत केहि दिन (मिति २०८१/०६/१० गते) देखिको अविरल तथा भिषण वर्षातका कारण भएको बाढीपहिरो प्रकोपमापरि ज्यान गुमाउनु भएका मृतकहरुमा भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजन प्रति समवेदना प्रकट गर्दै घाईतेहरु शिघ्र स्वास्थ्य लाभको कामना गर्ने।

**निर्णय नम्बर ४:**

विगत केहि दिनदेखिको अविरल तथा भिषण वर्षातका कारण भएको बाढीपहिरो प्रकोपले यस नगरपालिकामा व्यक्ति तथा परिवारहरु विस्थापनमा परेका घर, कृषि, वाली नाली, पशुपंक्षी लगायतको क्षतिमा नमोबुद्ध नगरपालिकाको विपद् व्यवस्थापनको लागि राहत वितरण सम्बन्धी मापदण्ड, २०७७ बमोजिम आवश्यक कागजात पेश भएमा हालका लागि तपशिल बमोजिम गर्ने।

क. हाल भएको बाढीपहिरोको विपदमा परी मानवीय क्षति भएका प्रति मृतक निजको परिवारलाई राहत स्वरूप रकम रु. १,००,००० (अक्षेरुपी एक लाख) उपलब्ध गराउने।

ख. हाल भएको बाढीपहिरोको विपदमा परी आवास विहिन घर परिवारलाई पुनर्स्थापना गर्नका लागि प्रति परिवारलाई राहत स्वरूप रकम रु.५०,००० (अक्षेरुपी पचास हजार) उपलब्ध गराउने।

ग. घर पालुवा पशुहरु पूर्ण क्षति भएमा भेडा/बाख्राको हकमा प्रति गोटा रकम रु.२,००० (अक्षेरुपी दुई हजार), गाई/गोरुको हकमा प्रति गोटा रकम रु. १०,००० (अक्षेरुपी दश हजार), भैसीको हकमा रकम रु. १४,००० (अक्षेरुपी चौध हजार) राहत उपलब्ध गराईनेछ।

घ. उल्लेखित बाहेक अन्यको हकमा नमोबुद्ध नगरपालिकाको विपद् व्यवस्थापनको लागि राहत वितरण सम्बन्धी मापदण्ड, २०७७ मा उल्लेख भए बमोजिम गर्ने।

<u>निर्णय नम्बर ५:</u>

विगत केहि दिनदेखिको अविरल तथा भिषण वर्षातका कारण भएको बाढीपहिरो प्रकोपले यस नगरपालिकामा भएको भौतिक पूर्वाधारको क्षतिलाई पुनर्निर्माणको कार्य तीब्रता साथ संचालनमा ल्याईएको सन्दर्भमा नगरपालिकाको प्राविधिक तथा योजना शाखाको समन्वयमा उप-प्रमुखज्युको संयोजकत्व गठन भएको अनुगमन समितिले सम्बन्धित वडा अध्यक्षको उपस्थितमा यथार्थ निर्माण कार्यको अनुगमन गरी विवरण पेश गरे पश्चात नियमानुसार भुक्तानी गर्ने।

<u>निर्णय नम्बर ६:</u>

विगत केहि दिनदेखिको अविरल तथा भिषण वर्षातका कारणबाट आएको बाढी तथा पहिरोले खानेपानी, लत्ताकपडा, खाद्यान्न, आवास, संचार, विद्युत लगायतका समस्याहरुबाट आम जनजीवन कष्टकर बनिरहेको हुँदा सोसँग सम्बन्धित सम्पूर्ण सरोकारवाला निकायहरुलाई पुनर्निर्माण कार्यमा तीब्रता दिन हार्दिक आव्हान गर्ने र सो कार्यमा नगरपालिकाको कार्यालय र सम्बन्धित वडा कार्यालयले आवश्यक समन्यव, सहकार्य र सहयोग गर्ने।

मानवीय संकट तथा हृदय विदारक यस अवस्थालाई महसुस गरी पिडितहरुको उद्धार, राहत र पुनर्स्थापनाका लागि एकद्वार नीति अन्तर्गत रही यस नगरपालिकामा उदारतापूर्वक वस्तुगत सामाग्रीहरु वा नगदै आर्थिक सहायता (प्रकोप व्यवस्थापन कोष) प्रदान गर्नका लागि तिनै तहका सरकारहरु, दातृ निकायहरु, राजनीतिक दल, ईच्छुक व्यक्ति, विभिन्न संघसंस्था, नागरिक समाज, संचारकर्मी, आम नागरिक लगायत सम्पूर्ण महानुभावहरुमा सहयोगका लागि हार्दिक अपिल गर्ने।

निर्णय नम्बर ७:

विगत केहि दिनदेखिको अविरल तथा भिषण वर्षातका कारणबाट आएको बाढी तथा पहिरो प्रकोपले पारेको प्रभाव तथा भौतिक क्षतिको यथार्थ विवरण वडा कार्यालयबाट सो अन्तर्गत रहेका कर्मचारी, प्राविधिक, स्वास्थ्यकर्मी, शिक्षक लगायतका सरोकारवाला निकायहरुको सहायतामा संकलन गर्ने।

निर्णय नम्बर ८:

नगरपालिकामा रहेका सवारी साधन मर्मत गरिएको गत आर्थिक वर्षको विल भुक्तानी बाँकि रकम रु ३,००,००० (अक्षेरुपी तिन लाख) र यस आर्थिक वर्षका विभिन्न मितिमा गरेको मर्मतको रकम सम्बन्धित पार्टीलाई भुक्तानी गर्ने।

निर्णय नम्बर ९:

नगरपालिका भित्रका सम्पूर्ण वडाका वडा समितिमा र विधायन समितिमा उत्पन्न भई छलफल र मस्यौदा सहित पेश हुन आएको नमोबुद्ध नगरपालिकाको सुत्केरीसँग उप प्रमुख कार्यक्रम सँचालन सम्बन्धी कार्यविधि, २०८१ को दफाबार छलफल गरी परिमार्जन सहित सर्वसम्मत स्वीकृत गर्ने।

निर्णय नम्बर १०:

नजिकिँदै गरेको विजया दशमी, सुभ दीपावली एवं छठ पर्व २०८१ को पावन अवसरमा नमोबुद्धवासी लगायत देश विदेशमा रहनु हुने सम्पूर्ण नेपाली आमा, बुवा, दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय सुभकामना व्यक्त गर्ने।